# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको ५९ औं बैठकका निर्णयहरू

## (२०७८ कार्तिक ३० गते)

१. भरतपुर महानगरपालिका वडा नं. ३ स्थित मेट्रोप्लाजा निर्माण हुने जग्गाको निकासको सम्बन्धित विषयमा नगरप्रमुखज्यू र सरोकारवालाहरूको बीच मिति २०७८/०२/१९ गते भएको सम्झौता, मिति २०७८०३/०६ गते बसेको नगर कार्यपालिकाको ५४ औं बैठकबाट अनुमोदन भएकोले मिति २०७७/०६/२८ गतेको न्गर कार्यपालिकाको बैठकबाट मेट्रो प्लाजा भवन सेट ब्याक सम्बन्धी भएको निर्णय नं १४ (ग) आकर्षित भएकोले प्लाजा बन्ने जग्गाको सेट ब्याक सम्बन्धमा आर्या बिल्डर्स् एण्ड इन्जिनियरिङ्ग प्रा.लि.का तर्फबाट मिति २०७८/०५/१० गते पेश भएको निवेदन उपर छलफल गर्दा भवनको सेट ब्याक यथावत राखी निवेदकको माग अनुसार पश्चिम-दक्षिण दिशातर्फ मात्र जग्गाको सेट ब्याक ५ (पाँच) मिटर कायम गर्ने र सो भवनको एक तला वेसमेन्ट थप गर्ने निर्णय गरियो।

२. आ.व. २०७७/७८ मा नगरप्रमुखज्यूबाट मिति २०७८/०३/३० गते सदर टिप्पणी बमोजिम स्वीकृत भएको "वडा नं. १ पुल्चोकदेखि नारायणगढ बसपार्कसम्म" सडक मर्मत योजना वार्षिक नगर विकास पुस्तिकामा समावेश हुन छुट भएकोले आ.व. २०७७/७८ को अधुरो योजनामा समावेश गरी भुक्तानी दिने निर्णय गरियो।

३. भरतपुर महानगरपालिका अन्तर्गत गठित सार्वजनिक जग्गा पहिचान एवम् संरक्षण तथा कार्यान्वयन समितिको बैठकको निर्णय बमोजिम चितवन जिल्लामा आयुर्वेदिक अस्पताल सञ्चालनको प्रयोजनार्थ साविकको शिवनगर गाउँ विकास समितिमा रहेको जग्गामा १०० शैय्याको आयुर्वेद अस्पताल निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिश गर्ने निर्णय गरियो।

४. सडकको दायाँ-बायाँ वृक्षारोपण कार्यक्रम कार्यविधि, २०७८, लोक कल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी कार्यविधि, २०७८, महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि चाडबाड खर्च प्रदान गर्ने कार्यविधि, २०७८, नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७८, स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७८ र जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा सहिद भएका तथा बेपत्ता पारिएका परिवारलाई सहायता गर्ने राम्बन्धी कार्यविधि, २०७८ पारित गर्ने निर्णय गरियो।

५. भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा रिक्त रहेको कर्मचारी दरबन्दी प्रदेश लोकसेवा आयोगमा आवश्यकतानुसार माग गरी पठाउने निर्णय गरियो।

६. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को बुँदा नं. १४ अनुसार देहाय बमोजिमको प्राविधिक समिति पुनर्गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| क) इन्जिनियर (अधिकृतस्तर आठौं), श्री विराट घिमिरे | संयोजक |
| ख) विषय विज्ञ, इन्जिनियर (अधिकृतस्तर सातौं) श्री सन्तोष आचार्य | सदस्य |
| ग) विपद् व्यववस्थापन शाखा प्रमुख, श्री जिवलाल कुँवर | सदस्य सचिव |

७. नेपाल प्रहरीले प्राप्त गरिरहेको राशन दैनिक रु. १८५.१५ (अक्षेरूपीः एकसय पचासी रुपैयाँ पन्ध्र पैसा) सरह यस महानगरपालिकामा कार्यरत नगर प्रहरीलाई उपलब्ध गराउने निर्णय गरियो।

८. भरतपुर महानगरपालिका अन्तर्गत सार्वजनिक-निजी-साझेदारीको अवधारणा अनुसार भरतपुर महानगरपालिकाको विभिन्न क्षेत्रमा सोलार बत्ती जडित यात्रु प्रतीक्षालयको निर्माण गरी व्यावसायिक फर्महरूलाई विज्ञापन प्रचारप्रसार सामग्री राख्न दिनको लागि मिति २०७४/०५/२८ मा एपेक्स् नेपाल प्रा.लि.सँग डिभिजन सडक कार्यालय, चितवन तथा जिल्ला ट्राफिक कार्यालय, चितवनको सहमतिको आधारमा तोकिए बमोजिम विज्ञापन कर तिर्ने गरी २०७८ असार मसान्तसम्म सम्झौता भएकोमा हाल उक्त समयावधि समाप्त भई सम्झौताको बुँदा नं. १.५ बमोजिम चार (४) वर्षको लागि म्याद थप गर्ने निर्णय गरियो।

९. भरतपुर महानगरपालिकाको क्षेत्रभित्र वागमती प्रदेश आर्थिक ऐन, २०७६ को दफा (५) ले दिएको अधिकार बमोजिम भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा (८) को अनुसूची -७ मा उल्लेख भएको दररेटका आधारमा भरतपुर महानगरपालिकाको क्षेत्रमा डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्ग बोर्ड तथा विधुतीय प्रचार सामग्री सम्बन्धी मापदण्ड, २०७७ मा संशोधन भए बमोजिम विज्ञापन करको आकार परिवर्तन तथा स्थान र सङ्ख्या निर्धारण गर्न बमोजिम आ.व. २०७८/७९ देखि २०८०/८१ को लागि जम्मा रु. १,७४,२०,५३२/- न्यूनतम कबोल रकम राखी E-Bidding मार्फत् बोलपत्र आह्वान गरिएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

१०. समितिबाट निर्णय भई जारी भएका तपसिल यमोजिमको "घ" वर्गको ठेक्का इजाजत पत्र अनुमोदन गर्ने निर्णय गरियो।

क) काल भैरव इञ्जिनियरिङ्ग

ख) गणपति इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.

ग) कस्मिक इन्फ्रास्ट्रक्चर प्रा.लि.

नगर प्रमुख

महानगरपालिकाको कार्यालय भरतपुर, चितवन

Scanned with CamScanner

घ) भगवती कन्स्ट्रक्सन प्रा.लि.
ङ) नमस्ते नेपाल कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि.
च) गोलाघाट कन्स्ट्रक्सन एण्ड सप्लार्यस
छ) सुदिक्षा एण्ड शुभम् कन्स्ट्रक्सन प्रा.लि.
ज) प्रणव कन्स्ट्रक्सन कम्पनी एण्ड सप्लार्यस प्रा.लि.
झ) भुमेथान निर्माण सेवा प्रा.लि.
ञ) प्रचण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी
ट) कोवीड कन्स्ट्रक्सन
ठ) प्रनिस कन्स्ट्रक्सन
ड) महाकाल इण्डष्ट्रिज एण्ड विल्डर्स प्रा.लि.
ढ) विवस कन्स्ट्रक्सन
ण) पि.एस.पी. कन्सल्टेन्सी एण्ड विल्डर्स प्रा.लि.
त) रेड चिल्ली कन्ट्रक्सन कम्पनी प्रा.लि.

११. यस महानगरपालिकाका रिक्त रहेको कानुन अधिकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गरी पठाउने र न्यायिक समितिमा कार्यरत नगर प्रहरी सहायक निरीक्षक श्री कृष्णप्रसाद सापकोटालाई यस कार्यालयका प्रमुख, उपप्रमुख, अन्य प्रदाधिकारीहरू तथा महानगरपालिकाका सबै वडा समितिका पदाधिकारीको तर्फबाट सम्मानित सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा परेका मुद्दाहरूमा फिरादपत्र, प्रतिउत्तर पत्र, निवेदन, लिखित जवाफ प्रस्तुत गर्न र अदालतको तारेखमा वसी मुद्दा पुर्पक्ष गर्न कानुनी प्रतिनिधिको रूपमा खटाउने। साथै महानगरपालिकाका कानुनी सल्लाहकारहरूबाट आवश्यक कानुनी राय/परामर्श लिने निर्णय गरियो।

१२. करार सेवामा २५ जना नगरप्रहरी जवान थप गर्ने, नगरप्रहरी जवान छनौट गर्दा नेपाल प्रहरी जवानका लागि चाहिने योग्यता सहितको प्रक्रिया अगाडि वढाउने र सडक सरसफाइका लागि १० जना स्वीपरहरू महानगरपालिकाभित्रका सडकहरू सफा गर्न दैनिक ज्यालादारीमा भर्ना गर्ने निर्णय गरियो। साथै करारमा नगरप्रहरी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६ को बुँदा नं. ४ को उपबुँदा ३ (ख) हटाउने समेत निर्णय गरियो।

१३. विशेष आकस्मिक कोष तथा समपुरक साझेदारी कोष र विपद कोषको रकम स्वीकृत गर्ने अधिकार नगरप्रमुखलाई प्रदान गर्ने र यस अघि सो शीर्षकबाट भुक्तानी भएका सबै निर्णयको अनुमोदन गर्ने निर्णय गरियो।

१४. सार्वजनिक विदाको दिनमा काम गर्ने, साँझ विहान काम गर्ने, फोहोर व्यवस्थापन लगायतका अत्यावश्यक कामका लागि खटिने कर्मचारीहरूलाई यातायात तथा खाना खर्च बापत दैनिक रु. ५०० उपलब्ध गराउने निर्णय गरियो।

१५. वेवारिसे लाश व्यवस्थापन गर्दा पशुपति क्षेत्र विकास कोषको मापदण्ड वमोजिम गर्ने निर्णय गरियो।

१६. भरतपुर महानगरपालिका वडा नं. २ निवासी श्री मुहमद सिद्दिक सवारी दर्घटनामा परी खुट्टा काटिएकोले तत्काल कृत्रिम खुट्टा राख्न निजलाई औषधी उपचार खर्च शीर्षकबाट रु. ५००००/- (अक्षेरूपी: पचास हजार रूपैया मात्र) आर्थिक सहायता दिने निर्णय गरियो।

१७. भरतपुर महानगरपालिका वडा नं. १९ वस्ने श्री लोकप्रसाद भट्ट विरामी भई आर्थिक अभावको कारणबाट उपचार गराउने नसक्ने भएको हुँदा निजलाई उपचार खर्च स्वरूप रु. ३० हजार, भरतपुर महानगरपालिका वडा नं. २३ वस्ने श्री लोकप्रसाद ढकाललाई कृत्रिम खुट्टा खरिदका लागि रू. २० हजार र भरतपुर महानगरपालिका वडा नं. ७ वस्ने अमरसिंह थापाको दुवै खुट्टा गुमेको कारण हिड्डुल गर्न नसक्ने भएको हुँदा निजलाई हिलचियर खरिदको लागि रु. ५० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

१८. भरतपुर महानगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि आवश्यक पर्ने श्रोतको सुनिश्चितताका लागि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा नेपाल सरकारसँग अनुरोध गर्ने र प्रशासनिक भवन निमार्ण शीर्षकमा विनियोजित रकममध्ये रु. ७० लाख रकम वडा नं. २१ स्थित व्यापारिक भवन निर्माण सम्पन्न गर्न रकमान्तर गर्ने निर्णय गरियो।

१९. भरतपुर महानगरपालिकाको रातो किताबमा छुटेका तपसिल वमोजिमका योजनाको भुक्तानी दिन "भुक्तानी दिन बाँकी" कमागतबाट खर्च लेख्ने निर्णय गरियो। साथै ती योजनाहरूको सूचना प्रकाशन गर्ने निर्णय समेत गरियो।

| सि.नं. | योजनाको नाम | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १. | भ.म.न.पा-२२ पदमपोखरीस्थित शिवालय चोकदेखि उत्तर आशबहादुरको घरसम्मको बाटो | २४,५८,६०९.८९ | |
| २. | १९ नं. वडास्थित हरिबहादुर सापकोटाको घरदेखि पूर्व १७ नं. वडाको सीमानासम्मको बाटो कालोपत्रे निर्माण | २१,६५,८९४.७२ | |
| ३. | २६ नं वडास्थित १८ नं. वडाको सीमाना केउरानी घोलदेखि विनोद महतोको घरसम्मको बाटो कालोपत्रे | १,३२,०९,१८५.९६ | |
| ४. | २५ नं. वडास्थित लेवरनगर मगर कान्छाको घरदेखि पाण्डे साइलाको घरचोक, शुक्रनगर लोकनाथ रिजालको घरचोकवाट भूमिनन्दको घरचोक, लम्साल चौतारा-भूमि ट्रेडर्स र नमूनाचोक-भगतिया टोलसम्मको बाटो कालोपत्र | १,२८,९३,८६८.१७ | |
| ५. | ६ नं. वडास्थित नारायणी सिंचाइको नहरको बाटो कालोपत्रे | १,६७,६५,०५३.११ | |

नगर प्रमुख

Scanned with CamScanner

तपुर महानगरपालिका,नगर कार्यपालिका को कार्यालय, भरतपुर,चितवन

२०७[illegible], ०७८ मा सम्झौता भै भुक्तानी को लागि छुट भएका अधुरा योजनाहरुको विवरण

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६/२५/२०७८ | रानिपोखरी टोल विकास संस्था | | नगर | १९ | | १४७७३४ | १३११६१ | | | |
| २ | ६/२५/२०७८ | मुसहर वस्तिमा आवास निर्माण मा नपुग | | नगर | २७/२८ | | १९,०९,३११.९७ | २१८,३७९.८० | | | |
| ३ | ७/११/२०७८ | विश्व प्रकास मा.वि भौतिक निर्माण | | नगर | १५ | | १५१३००.९२ | ५०,००० | | | |
| ४ | ७/१४/२०७८ | राती मचान बाट शिसाबास जाने कालोपत्रे २४७ मि.सडक पिच | | | २८ | | २१,२४,९५२.०९ | ११,४४,००० | स्थानीय पूर्वाधार तर्फ | | |
| ५ | ७/२५/२०७८ | वडा नं ३ को लागि सवारी साधनहरुको पार्किङ लागि भाँडाको लागि आवश्यक जग्गा कि.न.२१९९,२१९१,५१८६,५१८८ बालगोपाल चुके | | नगर | ३ | | १६९००० | १६९००० | | | |
| ६ | ७/२५/२०७८ | वडा नं ३ को लागि सवारी साधनहरुको पार्किङ लागि भाँडाको लागि आवश्यक जग्गा कि.न.५१८५,५१८७,५१८७,४४०८अनन्तलाल चुके | | नगर | ३ | | ३९३५९० | ३९३५९० | | | |
| ७ | ७/२५/२०७८ | वडा नं ३ को लागि सवारी साधनहरुको पार्किङ लागि भाँडाको लागि आवश्यक जग्गा कि.न.२१९०,२१९८,४४०१,२२२९,२२३५,२२३८ ज्ञान कुमार चुके | | नगर | ३ | | २८५४१० | २८५४१० | | | |
| ८ | ७/२५/२०७८ | वडा नं ३ को लागि सवारी साधनहरुको पार्किङ लागि भाँडाको लागि आवश्यक जग्गा कि.न.२३२३२३२१,२२३१,२२२३,४४०९,४४११ उत्तमलाल चुके | | नगर | ३ | | १९०३५० | १९०३५० | | | |
| ९ | ७/२५/२०७८ | वडा नं ३ को लागि सवारी साधनहरुको पार्किङ लागि भाँडाको लागि आवश्यक जग्गा कि.न.४४०८०,४९७७,४९७६०,४४०३ प्रकाश कुमार चुके | | नगर | ३ | | २०८३६८ | २०८३६८ | | | |

नगर प्रमुख